स्थानीय सरकार
मालिकार्जुन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

शंकरपुर, दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

प.स. २०७८/०७९
च.नं.

मितिः २०७९/०३/३०

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !!!**

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ त्रैमासिक रुपमा वजेट निकासा गरी २०७९ असोज मसान्तभित्र पहिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने हुदाँ मालिकार्जुन गाउँपालिकाका ८ वटै वडाहरुमा हाल सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आगामी आर्थिक बर्ष २०७९/०८० मा पनि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहेमा सम्बन्धित वडा कार्यालयमा उपस्थित भै तोकिएको ढाँचामा निवेदन दिई श्रावण १ देखि भाद्र मसान्तसम्म अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउन हुन सूचित गरिन्छ । बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमा, बाबु वा संरक्षकले निवेदन दिन सक्नेछ । यदि तोकिएको समयमा कसैले नवीकरण नगराएमा प्रणालीवाट नामावली स्वतः हट्नेछ र पुनः नयाँ लाभग्राहीका रुपमा नाम दर्ता गर्नुपर्नेछ। सो विचको अवधिको सामाजिक सुरक्षा प्राप्त हुने छैन् ।

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न आउँदा ल्याउनुपर्ने कागजातहरुः**

- ज्येष्ठ नागरिक अन्य तथा दलितको हकमा नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि र २ प्रति पासपोर्ट साइजको फोटो,
- ज्येष्ठ नागरिक एकल महिलाको हकमा नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि, पति मृत्युदर्ताको प्रतिलिपी र २ प्रति पासपोर्ट साइजको फोटो,
- विधवा महिलाको हकमा नेपाली नागरिकताको प्रतिलिपी,पतिको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाणपत्रको प्रतिलिपि, २ प्रति पासपोर्ट साइजको फोटो,
- सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेको महिलाको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, सम्बन्ध विच्छेद दर्ताको प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाण र २ प्रति पासपोर्ट साइजको फोटो,
- न्यायिक पृथकीकरण गरी बसेकी महिलाको हकमा नेपाली नागरिकताको प्रतिलिपी, न्यायिक पृथकीकरण भएको प्रमाणपत्र, २ प्रति पासपोर्ट साइजको फोटो,
- विवाह नगरेको महिलाको हकमा नेपाली नागरिकताको प्रतिलिपी, वडाको सिफारिस पत्र र २ प्रति पासपोर्ट साइजको फोटो,
- सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेको महिलाको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, सम्बन्ध विच्छेद दर्ताको प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाण र २ प्रति पासपोर्ट साइजको फोटो,
- अपाङ्गता भएको व्यक्तिको हकमा नाबालिग भएमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी नागरिकता बनिसकेको व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, मालिकार्जुन

स्थानीय सरकार
मालिकार्जुन गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**

शंकरपुर, दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

प.स. २०७८/०७९
च.नं.

गाउँपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि ,२ प्रति पासपोर्ट साइजको फोटो र क वर्गको अपाङ्गता भएका व्यक्तिको संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

- लोपोन्मुख जाती नाबालिगको लागि जन्मदर्ताको प्रतिलिपि  र संरक्षकको नागरिकताको प्रमापत्रको प्रतिलिपी नागरिकता प्राप्त गरेको व्यक्तिका हकमा  नेपाली नागरिकताको प्रतिलिपि र २ प्रति पासपोर्ट साइजको फोटो ,
- बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि र संरक्षकको नेपाली नागरिकताको प्रतिलिपि र २ प्रति पासपोर्ट साइजको फोटो ,

थप जानकारीका सम्बन्धित वडा कार्यालय तथा  मो.नं. ९८४८७७४६१३ मा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

सामाजिक सुरक्षा तथा पञ्जीकरण सेवा इकाई,
मालिकार्जुन गाउँपालिका, शंकरपुर, दार्चुला ।